# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ९ । अंक ३५ । २०७८ श्रावण - पौष (संयुक्ताङ्क)

## कोषको ६० औं वार्षिकोत्सव सम्पन्न




कर्मचारी सञ्चय कोषले आफ्नो ६० औं वार्षिकोत्सव भाद्र ३१ गते मनाएको छ । कोरोना कहरका कारण यस पटकको कार्यक्रम पनि भर्चुअलरूपमा पुल्चोकस्थित आफ्नै कार्यालयको सभा कक्षमा नेपाल सरकारका अर्थमन्त्री माननीय जनार्दन शर्मा प्रभाकरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । मन्त्री शर्माले पानसमा बत्ती बालेर भर्चुअलरूपमा कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो । उक्त कार्यक्रममा सञ्चालक समितिका अध्यक्ष कृष्णहरि पुष्कर सभाध्यक्षका रूपमा रहनुभएको थियो ।

कार्यक्रममा निमित्त प्रशासक जितेन्द्र धितालले कोषका गतिविधि, भावी योजना तथा कार्यक्रमबारे प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रम सञ्चालन सह-प्रशासक जीवन कुमार कटवालले गर्नु भएको थियो । कार्यक्रममा अध्यक्ष पुष्करबाट 'कोष पत्रिका' र न्यूजलेटरको विमोचन गरिएको थियो ।

६० औं वार्षिकोत्सवको अवसर पारेर अध्यक्ष पुष्करले सञ्चयकर्ता जग्गा खरिद सापटी कार्यक्रमको शुभारम्भ गर्नुभयो । वार्षिकोत्सवको उपलक्ष्यमा कोषमा पच्चीस वर्ष सेवा अवधि पूरा गरेका २२ जना कर्मचारीलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो ।

सोही कार्यक्रममा निमित्त प्रशासक धितालबाट २०७७ सालको एसईई परीक्षामा उत्तीर्ण हुने कोषमा कार्यरत कर्मचारीका छोराछोरीलाई शैक्षिक पुरस्कार वितरण पनि गरिएको थियो ।

त्यसैगरी कोषले आयोजना गरेको निबन्ध प्रतियोगितामा प्रथम, दोस्रो र तेश्रो स्थान हासिल गर्ने कर्मचारीको नाम घोषणा पनि गरिएको थियो । अन्त्यमा सभाध्यक्षद्वारा निर्देशन सहितको सम्बोधन पश्चात् कार्यक्रम समापन गरिएको थियो । कार्यक्रममा सञ्चालक समितिका सदस्यहरु, कोषका प्रशासक, सह-प्रशासक, र सीमित संख्यामा कोषका कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो ।




## जग्गा खरिद सापटी कार्यक्रम शुरु



कोषले सञ्चयकर्ताहरूलाई जग्गा खरिदका लागि सापटी दिने भएको छ । "सञ्चयकर्ता सापटी (सोह्रौं सशोधन) कार्यविधि-२०७८" स्वीकृत भएसँगै जग्गा खरिद गर्न सञ्चयकर्तालाई यो सुविधा प्रदान गर्न लागिएको हो । कोषले यसअघि सञ्चयकर्तालाई घर सापटी, घरमर्मत सापटी, शैक्षिक सापटी र सरल चक्रकर्जा दिँदै आएको थियो । *विस्तृत पृष्ठ २ मा*

## कार्यसम्पादन सम्झौता

कोषका प्रशासक र विभागीय प्रमुखहरु एवं शाखा कार्यालय प्रमुखहरूबीच कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । आर्थिक वर्ष २०७८/७९ का लागि प्रत्येक विभाग र शाखा कार्यालयहरूको वार्षिक कार्ययोजना अनुरूपको कार्यसम्पादन लक्ष्य सहितको कार्यसम्पादन सम्झौता सम्पन्न भएको हो । *विस्तृत पृष्ठ ६ मा*



# जग्गा खरिद सापटी कार्यक्रम शुरु

कोषले सञ्चयकर्ताहरूलाई जग्गा किन्नका लागि सापटी दिने भएको छ । "सञ्चयकर्ता सापटी (सोह्रौं सशोधन) कार्यविधि-२०७८" स्वीकृत भएसँगै जग्गा किन्न सञ्चयकर्तालाई यो सुविधा प्रदान गर्न लागिएको हो । कोषले यसअघि सञ्चयकर्तालाई घर किन्न र बनाउन पनि सापटी दिँदै आएको थियो ।

कोषमा एक वर्ष वा सोभन्दा बढी समय नियमित सञ्चय कोष कट्टी गरेका एवं उमेर वा पदावधिको आधारमा कम्तिमा दुई वर्ष सेवाअवधि बाँकी भएका सञ्चयकर्तालाई जग्गा किन्न यो सापटी प्रदान गरिनेछ । यो सापटीको अधिकतम सीमा धितो मुल्याङ्कन बाट कायम भएको रकममा नबढ्ने गरी सञ्चयकर्ता कार्यरत तह वा श्रेणीको शुरु तलबमान र सेवा अवधिका आधारमा दस वर्षको तलब बराबरको रकम हुनेछ ।

तर धितो रहने जग्गाको मुल्याङ्कन बाट कायम भएको मूल्यभन्दा बढी ऋण रकम तथा जग्गा खरिद/बिक्री गर्ने व्यक्ति, सरकारी निकाय वा कम्पनीले निर्धारण गरेको मूल्यभन्दा बढी ऋण प्रदान गरिने छैन । सञ्चयकर्ताको बाँकी नोकरी अवधिमा नबढ्ने गरी सापटी चुक्ता गर्ने अवधि अधिकतम दस वर्षको हुनेछ । यो सापटीमा ग्रेस अवधि कायम हुने छैन । सापटीको ब्याजदर ७.९ प्रतिशत कायम गरिएको छ । पहिले घर सापटी, घरमर्मत सापटी र सरल चक्रकर्जा लिएका सञ्चयकर्ताले त्यस किसिमका सापटी चुक्ता नगरेसम्म यो जग्गा खरिद सापटी पाउने छैनन् । तर, शैक्षिक सापटी लिएका सञ्चयकर्ताले कर्जा नियमित गरेको अवस्थामा भने यो सापटी पाउन सक्नेछन् ।

सञ्चयकर्ताले लिएको जग्गा खरिद सापटी चुक्ता गरेमा पुनः दुईपटक जग्गा खरिद सापटी दिन सकिनेछ । यो सापटी पाउन न्यूनतम् चार मिटरको बाटो भएको जग्गा हुनु पर्नेछ । जग्गाको क्षेत्रफल काठमाडौं उपत्यकामा कम्तीमा तीन आना र उपत्यका बाहिर कम्तीमा आठ धुर वा पाँच आना हुनुपर्छ ।

त्यस्तै धितो राखिने जग्गा कित्ताकाट गर्नपर्ने भए सञ्चयकर्ताका श्रीमान, श्रीमती वा दुवैको संयुक्त नाममा जग्गा धनीपूर्जा प्राप्त भएको एक महिनाभित्र कोषमा सम्पूर्ण कागजात पेश गर्नुपर्नेछ ।

जग्गा खरिद सापटीमा आफूले किन्ने जग्गाको स्वामित्व तोकिएको अवधि पूरा भएको हुनुपर्नेछ ।

यो कर्जाका लागि सञ्चयकर्ता कर्जा विभाग, लगनखेल र कोषका सबै शाखा कार्यालयमा सम्पर्क गरी आवेदन गर्न सकिने छ ।

कोषले कम्तीमा एक वर्षसम्म नियमित सञ्चय कोष कट्टी गरेका सञ्चयकर्ता र उमेर वा पदावधिका आधारमा दुई वर्ष सेवा अवधि बाँकी भएका सञ्चयकर्तालाई जग्गा खरिद बाहेक धितोमा आधारित अन्य सापटी समेत प्रदान गर्दै आएको छ । जसमा सञ्चयकर्ता घर सापटी, सञ्चयकर्ता घरमर्मत सापटी, सञ्चयकर्ता शैक्षिक सापटी र सञ्चयकर्ता सरल चक्रकर्जा पर्दछन् ।

**• संक्षेपमा जग्गा खरिद सापटी:**

- **योग्यता:** कम्तिमा १ बर्ष नियमित सञ्चय कोषकट्टी गरेका र २ बर्ष सेवा अवधी बाँकी भएका सञ्चयकर्ता,
- **सीमा:** धितो मुल्यांकनबाट कायम भएको रकममा नबढ्ने गरी १० बर्षको शुरु तलबमान बराबर,
- **कर्जा अवधि:** बाँकी नोकरी अवधिमा नबढ्ने गरी अधिकतम १० बर्ष,
- **ब्याजदर:** ७.९० % (आ.व. २०७८/७९ को लागि),
- **क्षेत्रफल:** उपत्यकाको हकमा न्युनतम ३ आना र उपत्यका बाहिरको हकमा न्युनतम ५ आना वा ८ धुर हुनुपर्ने,
- **बाटो:** न्युनतम ४ मिटर,
- **ऋण भुक्तानी:** सावाँ ब्याज सहितको त्रैमासिक किस्ता,
- **साँधसीमाना:** जग्गाको सिमाना छुट्टिने गरी जमिनबाट कम्तिमा १ फिट उचाई र ९ ईन्च मोटाईको पक्की पर्खालले सिमांकन गर्नु पर्ने ।

## अनलाइन जग्गा रजिष्ट्रेशन सञ्चालनमा




भूमि व्यवस्थापन तथा अभिलेख विभाग र कर्मचारी सञ्चय कोषबीच जग्गा रोक्का, फुकुवा र धितो पास अनलाइन प्रणालीबाट गर्न सहमति भएको छ । सञ्चय कोषका सेवाग्राहीका लागि अनलाइन सेवा यही मंसिर १५ गतेबाट सञ्चालनमा आएको छ ।

कोषका सञ्चयकर्तालाई अबदेखि घरजग्गा रोक्का तथा फुकुवा गर्न मालपोत कार्यालय धाउनु नपर्ने भएको छ । कर्मचारी सञ्चय कोष र भूमि व्यवस्थापन तथा अभिलेख विभागबीच भएको सहमतिअनुसार अब जग्गा रोक्का/फुकुवा र धितो पास अनलाइन प्रणालीबाट हुनेछ । यससँगै अब धितो बन्दकी राख्न तथा ऋण असुलीपछि फुक्का गर्न मालपोत कार्यालय धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ ।

कोष र विभागबीच भूसेवा प्रणालीमार्फत धितो रोक्का/फुकुवा गर्न सम्झौता भएको हो । सम्झौतामा कोषका निमित्त प्रशासक जितेन्द्र धिताल र विभागका महानिर्देशक शेषनारायण पौडेलले हस्ताक्षर गर्नु भएको हो । घर जग्गा रोक्का फुकुवाका लागि मालपोत कार्यालय जानु पर्ने बाध्यता हटेपछि सञ्चयकर्ताको समय र स्रोतको पनि बचत हुने अपेक्षा गरिएको छ ।

# सामाजिक सुरक्षामा २४ करोड बढी सहयोग

कोषले आर्थिक वर्ष २०७८/७९ को पौष मसान्तसम्म सञ्चयकर्तालाई सामाजिक सुरक्षा शीर्षकमा २४ करोड बढी रकम प्रदान गरेको छ । कोषका विभिन्न सामाजिक सुरक्षाका कार्यक्रम अन्तर्गत ११ हजार ७ सय २२ सञ्चयकर्ता लाभान्वित भएका छन् । सञ्चयकर्ता स्वास्थोपचार योजना अन्तर्गत १ हजार २६ जना सञ्चयकर्ताको लागि करिब ९ करोड ५३ लाख, सुत्केरी तथा शिशुस्याहार सुविधा अन्तर्गत ९ हजार ७३७ जना सञ्चयकर्तालाई ७ करोड ३० लाख बढी रकम, त्यसैगरी दुर्घटना क्षतिपूर्ति अन्तर्गत २१० जना सञ्चयकर्ता वा निजको हकवालालाई ४ करोड २० लाख र काजकिरिया खर्चबापत ७ सय ४९ जना सञ्चयकर्ताका हकवालालाई २ करोड ९९ लाख बराबरको अनुदान रकम प्रदान गरिएको छ ।




# ९६ जना कर्मचारीलाई तालिम



कोषले प्रदान गर्ने विभिन्न तालिममा यो आर्थिक वर्षको पहिलो ६ महिनासम्ममा जम्मा ९६ जना कर्मचारी सहभागी भएका भएका छन् । प्रदान गरिएका सबै तालिम राष्ट्रियस्तरमा सञ्चालन भएका थिए ।

# कोषबाट अवकाश

कोषबाट आर्थिक वर्षको छ महिनामा जम्माजम्मी १४ जना कर्मचारीहरूले अवकाश प्राप्त गर्नु भएको छ । अवकाश पाउने कर्मचारीहरूमा मुख्य प्रबन्धक ओम कृष्ण श्रेष्ठ, का.मु. मुख्य प्रबन्धक टोपा राम पण्डित, वरिष्ठ प्रबन्धक दशरथ कुमार लामिछाने, प्रबन्धक दीप कुमार विष्ट, प्रबन्धक रमेशराज पोखेल, उपप्रबन्धक दिपक प्रसाद सापकोटा, सहायक प्रबन्धक द्वय उदय बहादुर सुनुवार र योगेन्द्र कुमार कुवँर, प्रमुख सहायक भवानी श्रेष्ठ, धन बहादुर बोहरा, राम सुन्दर कर्माचार्य, शेखर थापा क्षेत्री, शिव बहादुर सिलवाल र कार्यालय सुपरिवेक्षक केशव खतिवडा रहनु भएको छ ।

# ९२ जना कर्मचारी कोरोना संक्रमणमुक्त

कोषमा कोभिडको तेस्रो लहरले सङ्क्रमित हुनुभएका ९२ जना कर्मचारीहरू संक्रमणमुक्त हुनुभएको छ । कोषका विभिन्न विभाग, शाखा कार्यालय र सेवाकेन्द्रमा सेवा प्रवाहमा खटिनुभएको कर्मचारी सङ्क्रमित हुनुभएको थियो ।




# अनलाइन कारोबारमा वृद्धि





कोषले शुरूआत गरेका विभिन्न अनलाइन सुविधाको उपयोग गर्ने सञ्चयकर्ताको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको छ । कोषले सेवा प्रवाहलाई सरल र सहजरूपमा वितरण गर्ने उद्देश्यले अनलाइन कारोबारलाई प्राथमिकतामा राखेर अघि बढिरहेको छ । कोषले अनलाइनमा आधारित विशेष सापटी तथा अनलाइनमार्फत नै कोषको सापटी फिर्ता सेवालाई प्राथमिकताका साथ अघि बढाएकोमा आ.व. २०७८ श्रावण १ गतेदेखि पौषमसान्तसम्म जम्मा विशेष सापटी २७ हजार ९५२ प्रदान गरिएकोमा अनलाइन मार्फत: ५६.५३ % (१५,८०१ जना) अफलाइन (DTA) : ४३.५७ % (१२,१५१ जना) लाई प्रदान गरिएको छ ।

कोषले सञ्चयकर्ताको जानकारीको लागि विशेष सापटी भुक्तानी म्यानुअल, २०७७ र अनलाईन मार्फत कोष सापटी फिर्ता भुक्तानी म्यानुअल २०७७ प्रकाशन गरी अनलाईन विशेष सापटी, अनलाईन सापटी फिर्ता भुक्तानीमा जोड दिएको छ ।

# ५ लाख ६७ हजार बढी केवाईसी अद्यावधिक




आर्थिक वर्ष २०७८/०७९ को पौष मसान्तसम्म कुल ५ लाख ६७ हजार बढी सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक कार्य सम्पन्न भएको छ । त्यसैगरी कुल Office KYC को संख्या ९ हजार २३० रहेको छ । कोषले प्रदान गर्ने सबै सुविधा उपभोगको लागि KYC अनिवार्य गरे सँगै KYC अद्यावधिक गर्ने सञ्चयकर्ताको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको हो । सरकारद्वारा प्रयोगमा ल्याइएको नागरिक एपमा समेत कोषमा जम्मा भएको रकम र तिर्नु पर्ने ऋण हेर्नको लागि पनि KYC नम्बर अनिवार्य गरिएको छ । KYC अद्यावधिक कार्यले खासगरी कोरोना संक्रमणको समयमा कोषबाट प्रदान गरिने सापटी लगायतका सेवाहरु अनलाइनबाट प्राप्त गर्नका लागि ठूलो योगदान पुगेको छ ।




कोषले EPF iPortal को शुरुआत गरेको छ । Innovating Digitally Enriched social security मूल नारा सहित iPotal आएको हो । यससँगै पुरानो e-service मा देखिएका समस्याको समाधान भई अझ सजिलो र भरपर्दो रूपमा अनलाइनमार्फत सञ्चयकर्ताले कोषको सेवा प्राप्त गर्न सक्ने छन् । iPortal को माध्यमबाट अनलाइन विशेष सापटी, स्वास्थोपचार सुविधा अनलाइनबाटै Apply गर्नसक्ने व्यवस्था गरिएको छ । त्यसैगरी यसबाट २०६२ सालदेखि हालसम्म भएको जम्मा कोष रकम र सबै प्रकारका ऋणको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । त्यस्तै सञ्चकर्ताले Loan Payment Calculation सुविधाको कारण आफूले तिर्न बाँकी ऋणको बारेमा ब्याजसहितको जानकारी प्राप्त गर्न सक्दछन् । साथै अनलाइनबाट विशेष सापटी माग गर्ने तथा आफूले लिएको ऋण Connectips मार्फत तिर्ने सम्बन्धमा जानकारीमूलक manuals समेत राखिएको छ । यसमा २०७६ साल पछि कोषमा आबद्ध भएका सरकारी कर्मचारीको निवृत्तभरणको statement पनि हेर्न सकिने छ ।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न

सञ्चयकर्ता सेवा विभागद्वारा जिल्ला प्रशासन कार्यालय ललितपुरको समन्वय र सहयोगमा ललितपुर जिल्लास्थित कार्यालयका प्रमुख, प्रतिनिधि एवम् कर्मचारीहरूसँग यही पौष ८ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

जिल्ला प्रहरी कार्यालय नुवाकोटमा पौष १३ गते अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । जिल्ला प्रहरी कार्यालय, बिदुर नुवाकोटको सहयोग र समन्वयमा जिल्ला प्रहरी कार्यालय, बिदुर, नुवाकोट र मातहतका अधिकृत तथा जवानहरूलाई कर्मचारी सञ्चय कोषबाट प्रदान हुने बिभिन्न सेवा सुविधाहरूको बारेमा जानकारी तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो ।

२०७८ पौष १३ गते सशस्त्र प्रहरी बल नेपाल १९ नं गुल्म, बिदुर, नुवाकोटको सहयोग र समन्वयमा मातहतका अधिकृत तथा जवानहरूलाई कोषको बारेमा विविध जानकारी प्रदान गरियो ।

२०७८ पौष १४ १ नं. सैन्य तालिम केन्द्र त्रिशुली, नुवाकोटको सहयोगमा रहेका करिब ८७० जनाको KYC अद्यावधिक गर्ने कार्य सम्पन्न भयो । साथै कोष सम्बन्धि जानकारी प्रदान गरियो ।

त्यसैगरी पौष १४ गते जिल्ला प्रशासन कार्यालय, नुवाकोटको सहयोग र समन्वयमा नुवाकोट जिल्ला स्थित कार्यालयका कार्यालय प्रमुख/लेखा प्रमुख एवम् प्रतिनिधिहरूलाई कर्मचारी सञ्चय कोषबाट प्रदान हुने विभिन्न सेवा सुविधाहरूको बारेमा जानकारी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।





## सबै प्रदेशका

## लेखा कर्मचारीसँग छलफल

पौष २७ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको सहयोग र समन्वयमा ७ वटै प्रदेशका नेपाल प्रहरीका विभिन्न कार्यालयका लेखा सम्बद्ध प्रहरी कर्मचारीलाई कर्मचारी सञ्चय कोषबाट प्रदान हुने विभिन्न सेवा सुविधाहरूको बारेमा जानकारी सहित अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा वित्तीय सुविधा अन्तर्गत, बिशेष सापटी online मार्फत आवेदन दिने प्रक्रिया, घर खरिद, घर निर्माण, घर मर्मत, जग्गा खरिद, शैक्षिक सापटी, सरल चक्र कर्जाको प्रक्रिया, ब्याजदर, रकमको सीमा सम्बन्धमा छलफल भयो ।

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सुत्केरी तथा शिशु स्याहार, काजक्रिया खर्च, दुर्घटना क्षतिपूर्ति, औषधि उपचार खर्च शोधभर्नासम्बन्धी जानकारी तथा छलफल भयो ।

Loan Repayment कोषबाट लिइएका बिभिन्न सापटी तथा ऋणको किस्ता (सावाँ तथा ब्याज) तिर्नको लागि Connect IPS मार्फत तिर्ने प्रक्रिया, बैंक मार्फत बुझाउँदा ध्यान दिन पर्ने बिषयमा जानकारी प्रदान गरिएको थियो ।

सञ्चय कोष रकम जम्मा, योगदानमा आधारित निवृत्तभरणको लागि योगदान रकम जम्मा गर्ने तरिका तथा प्रक्रिया, UCIN/KYC नम्बर प्राप्त गर्ने तरिका, password बिर्सिएमा कसरी नयाँ password प्राप्त गर्ने भन्ने प्रक्रिया लगायत, Nagarik App, Individual KYC, Office KYC भर्दा ध्यान दिनु पर्ने कुराहरू, KYC भर्दा बैंक खातामा भएको नाम हुबहु मिल्नु पर्ने हुंदा आफ्नो नागरिकता, बैंक खाता, सञ्चय कोष परिचयपत्रमा उल्लिखित नाम एवम् KYC भर्दा उल्लेख हुने नाम थर, जन्म मिति, नागरिकता जारी मिति, National ID Number, PAN, Mobile No, Email, कोषकट्टी शुरू भएको मिति लगायत आफ्नो विवरण एकिन हुनुपर्ने, online प्रणालीमार्फत सापटी लिंदा र तिर्दा आउन सक्ने वा देखिने लगायतका विभिन्न समस्याको बारेमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो ।

# कार्यसम्पादन सम्झौता सम्पन्न



कोषका प्रशासक र विभागीय प्रमुखहरूबीच २०७८ मंसिर २६ गते कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । कोषको सबै विभागका विभागीय प्रमुखहरूसंग आर्थिक वर्ष २०७८/७९ का लागि प्रत्येक विभागको वार्षिक कार्ययोजना अनुरूपको कार्यसम्पादन लक्ष्य सहितको कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । उक्त कार्यसम्पादन सम्झौतामा विभागले सम्पादन गर्नुपर्ने कार्यक्रमहरू, क्रियाकलापहरू, लक्ष्य, मुल्याङ्कन सूचक र समय सीमा समेटिएका छन् ।

कर्जा लगानी तथा ट्रेजरी व्यवस्थापन विभागका विभागीय प्रमुख भरतराज वस्ती, सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमुख रोचन श्रेष्ठ, भवन तथा आवास व्यवस्थापन विभागका विभागीय प्रमुख विजय कुमार श्रेष्ठ, लेखापरीक्षण विभागका विभागीय प्रमुख ध्रुव भट्टराई, निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागका विभागीय प्रमुख ध्रुव प्रसाद अधिकारी, कोष व्यवस्थापन विभागका विभागीय प्रमुख दिनेश कुमार के.सी., योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख राजेन्द्र शाक्य, आर्थिक प्रशासन विभागका विभागीय प्रमुख ठाकुरजंग थापा, मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागका विभागीय प्रमुख दामोदर प्रसाद सुवेदी, सूचना प्रविधि विभागका विभागीय प्रमुख सुवाष खड्का र सञ्चयकर्ता कर्जा विभागका निमित्त विभागीय प्रमुख महेन्द्रराज शाक्यसंग सम्झौता भएको हो ।

उक्त सम्झौतामा सम्बन्धित विभागको कार्य प्रगति विवरणको अनुगमन तथा मूल्याङ्कन गर्न कोषका प्रशासकको अध्यक्षतामा सहप्रशासक दुई जना सदस्य र योजना, अनुगमन तथा मुल्याङ्कन विभागका विभागीय प्रमुख सचिव रहेको एक मूल्याङ्कन समिति रहने व्यवस्था गरिएको छ ।

## शाखा कार्यालय प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता



कोषका प्रशासक र शाखा कार्यालय प्रमुखहरूबीच मिति २०७८ कार्तिक २६ गते कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । आर्थिक वर्ष २०७८/७९ का लागि कोषका उपत्यका बाहिरका ८ वटा शाखा कार्यालय र एक सेवा केन्द्रका प्रमुखबीच सम्पन्न भएको उक्त कार्यसम्पादन सम्झौतामा शाखा कार्यालयले सम्पादन गर्नुपर्ने वार्षिक कार्यक्रम, क्रियाकलाप, इकाई परिमाण, भार, कार्य प्रगति जस्ता विषयहरु समावेश गरिएको छ ।

शाखा कार्यालय पोखराका कार्यालय प्रमुख नगेन्द्र प्रसाद पौडेल, शाखा कार्यालय जनकपुरका कार्यालय प्रमुख नवराज पौडेल, शाखा कार्यालय बुटवलका कार्यालय प्रमुख रमेश चन्द्र बेलवासे, शाखा कार्यालय विराटनगरका कार्यालय प्रमुख तेज प्रसाद खनाल, शाखा कार्यालय हेटौडाका कार्यालय प्रमुख राजेन्द्र लामिछाने, शाखा कार्यालय धनगढीका कार्यालय प्रमुख ध्रुव प्रसाद तिवारी, शाखा कार्यालय सुर्खेतका कार्यालय प्रमुख राम प्रसाद लामिछाने, शाखा कार्यालय कोहलपुरका कार्यालय प्रमुख कमल अर्याल र सेवाकेन्द्र धनकुटाका प्रमुख दिपेन्द्र सापकोटासँग कार्यसम्पादन सम्झौता भएको हो ।

कार्यसम्पादन सम्झौतामा सेवा प्रवाह, सेवा सुधार र अन्य सुधार गरी तीन समूहमा वार्षिक कार्यसम्पादन लक्ष्यहरू समावेस गरी सञ्चयकर्ताको व्यक्तिगत विवरण अद्यावधिक गर्ने, घर सापटीको क्षेत्र विस्तार गर्ने, सञ्चयकर्ता अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम, ज्ञान आदान-प्रदान जस्ता १७ वटा कार्यक्रम तय गरिएका छन् ।

## शाखा कार्यालय बुटवल



### अनसाइट केवाईसी अद्यावधिक

शाखा कार्यालय बुटवलले मिति २०७८ पौष २३ र २४ गते सर्बोत्तम सिमेन्टको कार्यालय नवलपरासीमा onsite kyc update कार्य सम्पन्न गऱ्यो । सोही अवसरमा उपस्थित सञ्चयकर्तालाई कोषले प्रदान गर्ने सेवा सुविधाबारे पनि जानकारी प्रदान गरिएको थियो ।

### प्रभातफेरी कार्यक्रम सम्पन्न

शाखा कार्यालय बुटवलले कोषको ६० औं वार्षिकोत्सवको अवसरमा विविध खेलकुद कार्यक्रमको आयोजना गऱ्यो । भाद्र ३१ गते प्रभातफेरी कार्यक्रम समेत आयोजना गरिएको थियो । कार्यक्रममा कोषका कर्मचारीले ब्यानरसहित शहर परिक्रमा गरेका थिए ।




## शाखा कार्यालय सुर्खेत

# विविध खेलकुद कार्यक्रम आयोजना

शाखा कार्यालय सुर्खेतले कोषको ६०औं वार्षिकोत्सव कार्यक्रमलाई भव्यरूपमा मनाउने सिलसिलामा विविध खेलकुद कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा विजेता खेलाडी कर्मचारीलाई भाद्र ३१ गते कार्यालय प्रमुख अर्जुन निरौलाले पुरस्कार सहित प्रमाणपत्र प्रदान गर्नु भएको थियो ।



# कार्यालय भवन निमार्ण कार्य सम्पन्न

शाखा कार्यालय कोहलपुरको कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ । कोहलपुरस्थित जग्गामा कार्यालय भवन, आवास तथा गेष्ट हाउस, गार्ड हाउस, विद्युतीय कोठा, क्यन्टिन, पार्किङ्ग सेड लगायत निर्माण गर्नको लागि निर्माण व्यवसायी श्री Thodung/ HTC/ Basana J.V. Birendranagar Surkhet र कोषबीच २०७७ असार १६ गते सम्झौता भई २०७७ श्रावण १ गते देखि लागू हुने गरी कार्यादेश दिए बमोजिम तीनवटै भवनहरूको निमार्ण कार्य सम्पन्न भएको हो ।




# पुरस्कार वितरण

शाखा कार्यालय कोहलपुरले कोषको ६० औं वार्षिकोत्सवको उपलक्ष्यमा शाखामा कार्यरत कर्मचारीबीच ब्याडमिन्टन प्रतियोगिता आयोजना गऱ्यो । उक्त कार्यक्रममा शाखाका सबै कर्मचारीहरूको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा विजयी खेलाडीलाई भाद्र ३१ मा कार्यालय प्रमुख कमल अर्यालबाट पुरस्कार वितरण गरिएको थियो ।




## ■ शाखा कार्यालय सुर्खेत

# शाखा कार्यालय प्रमुखमा लामिछाने

शाखा कार्यालय सुर्खेतको कार्यालय प्रमुखमा का.मु. बरिष्ठ प्रबन्धक रामप्रसाद लामिछाने यही कार्तिक २५ गते नियुक्त हुनुभएको छ । कोषको केन्द्रीय कार्यालयबाट सरूवा भएर आउनु भएका लामिछानेले मंसिर १४ देखि शाखा कार्यालय सुर्खेतको प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको हो । शुक्रबार निवर्तमान कार्यालय प्रमुख अर्जुन निरौलाको बिदाई कार्यक्रममा बोल्दै उहाँले कोषको निर्माधीन भवनलाई तोकिएकै समयमा सम्पन्न गराउन लगाएर कर्णालीका सञ्चयकर्तालाई अधिकतम् सेवा सुविधा पुऱ्याउने आफ्नो लक्ष्य रहेको बताउनु भयो ।



# राजविराजमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष शाखा कार्यालय जनकपुरको आयोजनमा यही मंसिर ११ गते प्रहरी तालिम केन्द्र प्रदेश नं. २ राजविराजमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा सप्तरी जिल्लाका प्रहरी कार्यालय तथा अन्य कार्यालयका लेखापालहरूको उल्लेखनीय रूपमा सहभागिता थियो ।

आई पोर्टल, अनलाईन सापटी र विद्युतीय फाँटवारी लगायतका बिषयमा कार्यक्रममा छलफल भएको थियो । अनलाईन सापटी बढाउनु पर्ने तथा विद्युतीय फाँटवारीमा प्रविष्टि गर्न प्रत्यक्ष रूपमा नै सञ्चयकर्तालाई सहभागिता गराईएको कार्यक्रममा ९२ जनाको सहभागिता थियो ।

कार्यक्रमको सहजीकरण सहायक प्रबन्धक गौरिशंकर मल्लिकले गर्नु भएको थियो । राजविराजमा भएको उक्त अन्तरक्रिया कार्यक्रमले सञ्चय कोषसँग सम्बन्धित धेरै समस्याहरूको समाधान भएको सञ्चयकर्ताहरूको राय रहेको थियो  र फेरि पनि यस्तो कार्यक्रम लिएर आउनु पर्ने सञ्चयकर्ताकरूको माग रहेको थियो ।







## शाखा कार्यालय प्रमुखमा पौडेल

कोषको वरिष्ठ प्रबन्धक नवराज पौडेलले मंसिर ६ गतेबाट कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको छ । उहाँलाई कार्यालयमा उपस्थित कर्मचारीहरूले स्वागत गर्नु भएको थियो । स्वागत कार्यक्रममा वार्षिक बिशेष कार्ययोजना तथा प्रत्येक कर्मचारीहरूको कार्यसम्पादन सम्झौता लगायतको बिषयमा छलफल भएको थियो ।

कार्यालय प्रमुख पौडेलले बिशेष कार्यक्रमबारे जानकारी हुनुको साथै आगामी दिनमा शाखा कार्यालयको काम कारवाही चुस्त दुरूस्त गर्नुपर्ने  र यसमा कार्यालय प्रमुखको साथ रहने कुरा बताउनु भयो ।

शाखा कार्यालय

धनगढी

## शाखा कार्यालय प्रमुखमा तिवारी

शाखा कार्यालय धनगढीको कार्यालय प्रमुखको जिम्मेवारी का.मु.बरिष्ठ प्रबन्धक ध्रुव प्रसाद तिवारीले  सम्हाल्नु भएको छ । यही मंसिर १० मा शाखा कार्यालयमा हाजिरी भएसँगै उहाँले कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको हो । तिवारी यस अघि केन्द्रीय कार्यालय पुल्चोकमा प्रबन्धकको रूपमा कार्यरत हुनुहुन्थ्यो ।



# विविध गतिविधि

शाखा कार्यालय पोखरा

## ■ भवन निमार्ण कार्यारम्भ

शाखा कार्यालय पोखराको कार्यालय भवन तथा कार्यालय प्रमुख निवास लगायतका संरचना निर्माणको लागि भूमि पूजा गरी शिलान्यास गर्ने कार्य मिति २०७८ मंसिर ३ मा सम्पन्न भयो । उक्त कार्यक्रममा लेखापरीक्षण विभागका प्रमुख तथा मुख्य प्रबन्धक ध्रुव भट्टराई अतिथिको रूपमा रहनु भएको थियो । शाखा कार्यालय पोखराका कार्यालय प्रमुख नगेन्द्र प्रसाद पौडेल सहित अन्य कर्मचारीहरूको समेत भूमि पूजन र जग पूजामा सहभागिता रहेको थियो । हालसम्ममा कार्यालय भवनको DPC Level सम्मको निर्माण कार्य सम्पन्न भएको छ ।





## ■ कार्यसम्पादन सम्झौता सम्पन्न

कोषका प्रशासक तथा शाखा कार्यालय पोखराका प्रमुखबीच मिति २०७८ कार्तिक २६ मा सम्पन्न चालु आर्थिक वर्षको विशेष कार्यक्रमको कार्यसम्पादन सम्झौतामा आधारित रही मिति २०७८ मंसिर १३ मा शाखा कार्यालय पोखराका प्रमुख तथा इकाई प्रमुखहरूबीच कार्यसम्पादन सम्झौता सम्पन्न भयो ।

२०७८ मंसिर ५ देखि ७ गतेसम्म ३ दिन आ.व. २०७७/७८ को वार्षिक कार्यको समीक्षा तथा सञ्चयकर्तालाई आगामी दिनमा अझै प्रभावकारी ढंगले सेवा प्रवाह गर्नका लागि अवलम्बन गर्न सकिने उपाय, विद्यमान समस्या र समाधानका उपायहरूका बारेमा इकाईगत रूपमा तथा समष्टिमै छलफल भयो ।

## ■ निमित्त प्रशासकबाट निरीक्षण भ्रमण

२०७८ असौज २५ गते कोषका निमित्त प्रशासक जितेन्द्र धितालबाट शाखा कार्यालय पोखराको निरीक्षण भ्रमण सम्पन्न भयो । सो अवसरमा निमित्त प्रशासकज्यूबाट शाखा कार्यालयका कर्मचारी सहितको बैठकमा शाखा कार्यालयको वर्तमान कार्यावस्था र गतिविधिहरूका बारेमा जानकारी लिनुभयो ।

## ■ ३७१९ सञ्चयकर्ताको केवाईसी अद्यावधिक

शाखा कार्यालय पोखराले आ.व. २०७८/७९ को श्रावण देखि पौष मसान्तसम्म जम्मा ३७१९ जना सञ्चयकर्ताको Individual KYC अद्यावधिक गर्ने कार्य गरेको छ । कार्यालयले सञ्चयकर्तालाई कोष कार्यालयका अतिरिक्त Onsite KYC Update को सुविधा पनि प्रदान गरेको छ । बेला बेलामा विभिन्न स्थानमा कोष कार्यालयका कर्मचारी गई KYC अद्यावधिक कार्य सम्पादन गर्ने गरेका छन् ।



## शाखा कार्यालय विराटनगर





शाखा कार्यालय विराटनगरद्वारा १ नं. प्रदेश प्रहरी तालिम केन्द्र, बिराटनगरमा तालिमरत नयाँ सञ्चयकर्ताहरूको Onsite KYC Update गर्ने कार्य गरियो । सो अवसरमा कोषले प्रदान गर्ने सेवा-सुविधाको बारेमा एक अन्तरक्रिया कार्यक्रम पनि भएको थियो ।

त्यसै गरी कार्तिक २५ मा १ नं. प्रदेश नियन्त्रण प्रहरी गण, दुहवी सुनसरीमा पनि Onsite KYC Update तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

१ नं. प्रदेश सशस्त्र प्रहरी गण, रानी, विराटनगरमा कार्तिक २६ मा Onsite KYC Update तथा कोषले प्रदान गर्ने सेवा सुविधाबारे जानकारी प्रदान गरिएको थियो ।

सेवा केन्द्र

धनकुटा

## सेवा केन्द्र धनकुटाको प्रमुखमा सापकोटा

सेवा केन्द्र धनकुटाको कार्यालय प्रमुखको जिम्मेवारी का.मु. प्रबन्धक दिपेन्द्र सापकोटाले यही कार्तिक १२ देखि सम्हाल्नुभएको छ । सापकोटा यस अघि शाखा कार्यालय विराटनगरमा उपप्रबन्धकको रूपमा कार्यरत रहनुभएको थियो ।



## शाखा कार्यालय हेटौडा

# अन्तरक्रिया कार्यक्रम सम्पन्न

२०७८ मंसिर ४ गते नेपाल प्रहरी शिक्षालय, भरतपुरमा कोषको सेवा, सुविधा तथा सेवाप्रवाह सम्बन्धमा कोषका सहायक प्रवन्धक अतुल बास्कोटाबाट प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा नेपाल प्रहरी तर्फका अधिकृत तथा जवानहरू गरी करिव ५०० जना सञ्चयकर्ताको सहभागिता रहेको थियो ।



२०७८ पौष १६ गते कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौडाद्वारा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । जिल्ला प्रशासन कार्यालय बारा एवम् को. ले. नि. का बाराको सहयोग र समन्वयमा भएको सो कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहायक प्रमुख जिल्ला अधिकारी शिवराज सेढाई तथा अतिथिको रूपमा को.ले.नि.का बाराका प्रमुख पर्शुराम क्षेत्री रहनु भएको थियो । कार्यक्रममा शाखा कार्यालय हेटौडाका कार्यालय प्रमुख राजेन्द्र लामिछाने र सहायक प्रवन्धक अतुल बास्कोटाबाट कोषको सेवा सुविधा तथा सेवाप्रवाह सम्बन्धमा जानकारी प्रदान गुर्न भएको थियो । उक्त कार्यक्रममा जिल्लास्थित कार्यालयका कार्यालय प्रमुख तथा लेखा प्रमुख गरी करिब ६० जना सञ्चयकर्ताको सहभागिता रहेको थियो ।





त्यसै गरी २०७८ माघ १२ मा सशस्त्र प्रहरी बल नं. १४ गण हेटौडामा कोषको सेवाप्रवाह तथा सेवा सुविधाका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । शाखा कार्यालय हेटौडाका कार्यालय प्रमुख राजेन्द्र लामिछाने र सहायक प्रवन्धक अतुल बास्कोटाबाट कोषको बारेमा जानकारी प्रदान गरिएको थियो । उक्त कार्यक्रममा कोषको भवन व्यवस्थापन विभागका वरिष्ठ प्रवन्धक शान्ता गौतमको समेत अतिथिका रूपमा सहभागिता रहेको थियो । साथै कार्यक्रमको अध्यक्षता गणपति शैलेस श्रेष्ठले गर्नु भएको थियो । उक्त कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल तर्फका अधिकृत तथा जवानहरू गरी ११७ जना सञ्चयकर्ताको सहभागिता रहेको थियो ।

## भवन निर्माण कार्य तीव्र

शाखा कार्यालय हेटौडाको भवन निर्माण कार्यको प्रगति लक्ष्य अनुरूप भइरहेको छ । हेटौडा उपमहानगरपालिका, हुप्राचौरस्थित कोषको निर्माणाधीन भवन समयमै सम्पन्न गर्नका लागि निर्माण कार्यको अनुगमन गर्ने, सम्बन्धित पक्षहरूसँग छलफल तथा राय परामर्श गर्ने कार्य नियमित रूपमा भइरहेको छ । हालसम्म मुख्य भवनको DPC Level सम्मको कार्य सम्पन्न भएको छ भने कार्यालय प्रमुख निवासको पनि निर्माण कार्य प्रारम्भ भएको छ ।



## शाखा कार्यालय प्रमुखमा लामिछाने

शाखा कार्यालय हेटौडाको कार्यालय प्रमुखको जिम्मेवारी राजेन्द्र लामिछानेले सम्हाल्नु भएको छ । कोषका का.मु.वरिष्ठ प्रबन्धक राजेन्द्र लामिछानेले यही असोज १७ गतेबाट कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको हो ।

# सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष

**कर्मचारी सञ्चय कोष सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता व्यक्त गर्दछ ।**

## क) संख्यात्मक विवरण:

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ९८ हजार | २९ हजार २ सय |
| निवृत्तभरण कोष | २४ हजार १ सय | ९ सय ६४ |

## ख) कोषका कार्यालयहरू:

- केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर
- ठमेल कार्यालय: त्रिदेवी मार्ग, ठमेल
- लगनखेल कार्यालय: लगनखेल
- शाखा कार्यालयहरू: विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
- सेवा केन्द्रहरू: धनकुटा, सिंहदरवार र पुल्चोक

## ग) आर्थिक वर्ष २०७७/७८ को वित्तीय अवस्था:

- सञ्चय कोष: रू. ३९८ अर्ब ६ करोड
- निवृत्तभरण कोष: रू. १ अर्ब ५८ करोड
- जगेडा कोष तथा बचत: रू.४० अर्ब १६ करोड
- दायित्वहरू: रू. ४ अर्ब ६७ करोड
- कूल स्रोत: रू ४४४ अर्ब ४७ करोड
- कुल लगानी: रू. ४३६ अर्ब ५४ करोड

## घ) सञ्चयकर्तालाई उपलब्ध सेवाहरू:

- **ब्याज तथा मुनाफा:** सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याजदर: ६.५० प्रतिशत, सञ्चय कोषमा मुनाफा: १ प्रतिशत (आ.व. २०७६/७७ को लागि)

- **सापटी सुविधा तथा ब्याजदर:**

| विशेष सापटी | घरसापटी | शैक्षिक सापटी | सरलचक्र कर्जा | घर मर्मत सापटी | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|
| सञ्चय कोष रकमको ८० प्रतिशतसम्म | अधिकतम रू १ करोडसम्म | रू.१० लाख देखि रू. २५ लाखसम्म | अधिकतम रू. ३० लाखसम्म | अधिकतम रू. २५ लाखसम्म | अधिकतम १० वर्षको तलवमान बराबर |
| ७.६० प्रतिशत | ७.९० प्रतिशत | ७.९० प्रतिशत | ८.०० प्रतिशत | ७.९० प्रतिशत | ७.९० प्रतिशत |

- **कोभिड-१९ को कारण सञ्चयकर्ता कर्जाको ब्याज छुट:** सञ्चयकर्तालाई प्रदान गरिएको घर सापटी, घर मर्मत कर्जा, शैक्षिक कर्जा र सरल चक्रकर्जाको आर्थिक वर्ष २०७७/७८ सम्म पाकेको ब्याज २०७८ श्रावण महिना भित्र चुक्ता गरेमा सो आ.व. २०७७/७८ को चौथो त्रैमासिक (२०७८ बैशाख, जेठ र असार) को पाकेको ब्याजमा १५ प्रतिशत छुट दिने व्यवस्था गरिएको ।

- **सञ्चयकर्ता स्वास्थ्योपचार योजना:** सञ्चयकर्तालाई साधारण रोग लागी उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रु १ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिमा अधिकतम रू. १० लाखसम्म सोधभर्ना प्रदान गरिने ।

- **अन्य सामाजिक सुरक्षा कार्यक्रमहरू:** ▪ सुत्केरी तथा शिशु हेरचाह कार्यक्रम: प्रति प्रसूति रू. ७,५००, ▪ दुर्घटना क्षतिपूर्ति योजना: निज वा निजको हकवालालाई रू. २ लाख, ▪ काजक्रिया अनुदान: हकवालालाई आर्थिक अनुदान स्वरूप रू. ४० हजार प्रदान गरिने ।

*विशेष धन्यवाद : राजेन्द्र विक्रम के सी*

सम्पादन तथा प्रकाशन :

**कर्मचारी सञ्चय कोष,**

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर ।

website : www.epfnepal.com.np, email: planning@epfnepal.com.np